

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३२३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस २ गते सोमबार ❑ 18 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## देशलाई सर्वोपरि ठानेर काम गर्नुपर्नेमा अध्यक्ष ओलीको जोड

**रासस**
काठमाडौं, १ पुस

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले एमालेले आफू नेतृत्वको पार्टीले अन्य पार्टीले गर्न नसक्ने काम गरेर देखाउने दाबी गर्नुभएको छ।

एमालेको झुलाघाट-चिवाभञ्ज्याङ यात्रालाई महान् यात्राको संज्ञा दिँदै उहाँले यात्राका बीचमा जनताका आकाङ्क्षा बुझ्ने अवसर प्राप्त भएको बताउनुभयो । झुलाघाट चिवाभञ्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्राको आज पाँचथरको याङवरक गाउँपालिका-१ चिवाभञ्ज्याङमा समापन गर्दै उहाँले जोखिम चिर्दै, प्राविधिक, भौगोलिक तथा राजनीतिक अवरोध पार गर्दै एमाले जनताको घरसम्म पुगेको बताउनुभयो।

"यो यात्रा जोखिम मोल्ने अभियान हो । यात्राले एमालेले अरुले गर्न नसकेको काम गर्न सक्छ भन्ने सन्देश दिएको छ", अध्यक्ष ओलीले भन्नुभयो, "यस यात्राले अवान्छित विचार, चिन्तन र क्रियाकलापविरुद्ध सन्देश दिएको छ। सिङ्गो देशलाई सर्वोपरि ठानेर, जनताको हितलाई केन्द्रमा राखेर काम गर्ने सन्देश दिएको छ।" अभियानका क्रममा सांस्कृतिक विविधताको ग्रहण गर्ने, त्यसलाई प्रयोग र प्रवर्द्धन गर्ने काम भएको पूर्वप्रधानमन्त्री ओलीले बताउनुभयो।

मध्यपहाडका सबै विषयमा जानकार हुने अवसर मिलेको भन्दै उहाँले यात्रा पूर्ण रुपमा सफल भएको दाबी गर्नुभयो। राजनीतिक हिसाबले देशको बिग्रदो अवस्थाबाट उकास्न, जनतामा फैलिएको निराशा हटाउन, आशावादी जगाउने र जनतामा जागरण पैदा गर्न अभियान सफल भएको बताउँदै अध्यक्ष ओलीले अन्य दल, सरकार र मुलुकलाई यो अभियानले प्रत्यक्ष प्रभाव पारेको बताउनुभयो । ओलीले स्थानीयस्तरका विशेषता, चालचलन, परिचय, आवश्यकता, समस्या र समाधानबारे जानकारी लिने, ध्यानाकर्षण हुँदा एमालेले समाजलाई झनै नजिकबाट बुझ्न सहज भएको, अभियानले एमालेको नीति र कार्यक्रमलाई जनतामा बुझाउन मद्दत मिलेको बताउनुभयो । फरक प्रसङ्गमा उहाँले देशको राजनीति अहिले अलपत्र र अलमलमा रहेको जिकीर गर्नुभयो।

ओलीले जनता र देशको समय खेर फाल्न, आउँदो पिंढीलाई अन्योलमा राख्ने कामबाट चिर्न अभियानले असाधारण रुपमा सहयोग गरेको बताउनुभयो । एमाले अध्यक्ष ओलीले अभियानमा सामेल भएका सबै नेता, कार्यकर्ता तथा समर्थकलाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले सञ्चार माध्यमले एमालेको अभियानलाई सफल बनाउन विभिन्न कोणबाट ब्याख्या र विश्लेषण गरेर सहयोग गरेकामा समेत धन्यवाद दिनुभयो।

अध्यक्ष ओलीले पुष्पलाल (मध्यपहाडी) लोकमार्गको उद्गमविन्दू चिवाभञ्ज्याङमा झण्डोत्तलन गरी समृद्धिका लागि सङ्कल्प यात्रा समापन भएको घोषणा गर्नुभयो। नेकपा (एमाले) ले सञ्चालन गरेको झुलाघाट चिवाभञ्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा आज सम्पन्न भएको छ। पाँचथरको याङवरक गाउँपालिका-१ चिवाभञ्ज्याङमा झण्डोत्तलन गरी एमाले अध्यक्ष केपी शर्मा ओलीले अभियान सम्पन्न भएको घोषणा गर्नुभएको हो।

एमालेका केन्द्रीय पदाधिकारी, स्थायी कमिटी तथा पोलिटब्यूरोका सदस्य, केन्द्रीय कमिटीका सदस्य, जनप्रतिनिधिलगायत उक्त अभियान सम्पन्न गर्न आज बिहान चिवाभञ्ज्याङ आइ पुग्नुभएको थियो । पुष्पलाल (मध्यपहाडी) राजमार्गको अन्तिम विन्दू बैतडीको झुलाघाटबाट मङ्सिर १४ गते सुरुआत भएको थियो। झण्डोत्तलनका अतिरिक्त अध्यक्ष ओलीले यहाँ निर्माण गरिएको यात्राको प्रतीक स्तम्भको अनावरण गर्नुभयो । उक्त कार्यक्रमका लागि आसपासको क्षेत्रबाट एमाले समर्थक तथा कार्यकर्ता उक्त स्थानमा पुगेका छन् । अभियान सम्पन्न भएपछि एमाले अध्यक्ष ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, रामबहादुर थापा, विष्णुप्रसाद पौडेल र सुरेन्द्रप्रसाद पाण्डे तथा महासचिव शङ्कर पोखरेल हेलिकप्टरमार्फत फिदिम फर्कनुभएको छ भने उपमहासचिवत्रय प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ र विष्णु रिमाल तथा सचिवसहितका नेताहरु पैदल मार्ग हुँदै फिदिम फर्कनुभएको हो। यसअघि पाँचथरको फिदिममा शनिबार एमालेले सन्देशसभा आयोजना गरेको थियो भने आज पाँचथरको याङवरक–१ च्याङथापूमा कोणसभा आयोजना गरेको थियो।

तीन हजार १२८ मिटरको उचाइमा अवस्थित चिवाभञ्ज्याङ भारतको सिक्किम प्रान्तसँग सीमा जोडिएको स्थान हो । स्थानीयवासीले लामो समयदेखि सीमा नाका स्थापनाको माग गरिरहेको चिवाभञ्ज्याङमा एमालेको यात्रा टुङ्गिने क्रममा ठूलो सङ्ख्या नेता तथा कार्यकर्ता पुगेका छन् । अभियानले चिवाभञ्ज्याङलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न, नाका स्थापनाका लागि सहयोग गर्न मद्दत मिल्ने च्याङथापूका ताराकुमार खालिङको भनाइ छ।

## पोखरामा पहिलोपटक 'इन्टरनेशनल योग फेस्टिबल'

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस

पोखरामा पहिलोपटक अन्तर ाष्ट्रियस्तरको योग फेस्टिबल हुने भएको छ । धार्मिक एवं पर्यटकीयस्थल काहूँडाँडामा तीन दिनसम्म योग फेस्टिबल हुन लागेको हो।

महोत्सवमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, पोखरा महानगरपालिकाको सहयोग रहेको छ। योग कनेक्शनको आयोजनामा हुने यस फेस्टिबलको इभेन्ट म्यानेज प्रचार र स्पेक्स फोर्टिनले गर्ने भएको छ । पुस २ गतेदेखि पुस ४ गतेसम्म चल्ने फेस्टिबलमा योग आसन (हठ, विन्यास, क्रिया), प्राणायम र ध्यान, हवन, साउण्ड बाथ एक्सटेटिक डान्स, कीर्तन सिङ्गिङ सर्कल, काकाओ सेरेमोनी, इनर चाइल्ड हिलिङ, योग निद्रा, लाइभ म्युजिक, ह्युमन मण्डला वर्कशव, नादा योगा, फायर शोलगायतका कार्यक्रम हुने इभेन्ट म्यानेजमेन्ट संस्था प्रचारका आशीष पुरीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रख्यात योग मेन्टरर्स जायन (विन्यास योग), योगी प्रितु (क्रिया योग), यानित्जा देरु (योग निद्रा तथा साउण्ड हिलिङ), सिद (शमानिक साउण्ड हिलिङ), राघव (साउण्ड हिलिङ, कीर्तन), काते (नादा योग एण्ड मन्त्र एक्सपिरियन्स), गौरव (नुर्टुरिङ रुट्स, इनर चाइल्ड हिलिङ), डिजे कान (एक्स्टेटिक डान्स ध्यान, डीजे दीप (एक्स्टेटिक डान्स) रहनेछन् । माछापुच्छ्रे, धौलागिरिसहित अन्नपूर्ण हिमश्रृङ्खलाको पृष्ठभूमि बनाएर चिसो र स्वच्छ वातावरणसहित फराकिलो मैदानमा करिब तीन दर्जन देशीविदेशी योगप्रेमीहरुको सहभागिता रहने उहाँको भनाइ छ । 'आत्माको परमात्मासित मिलनको अनुभूतिको नाम योग हो। योग शब्दको शाब्दिक अर्थ जोड भन्ने हुन्छ । आत्माको परमात्मासित संयोजन गर्नु नै योग हो।' पुरीले भन्नुभयो, "अहिले मानिसलाई शारीरिक तथा मानसिक समस्याले सताएको छ । मनसँग शरीरको जोडलाई नै योग मान्ने गरिएको छ । यसर्थ शारीरिक रूपमा स्वस्थ, मानसिक रूपमा शान्त र आध्यात्मिक रूपमा उच्च चेतनायुक्त भएर जीउने कलालाई नै योग भएकाले हामीले यस कार्यक्रम पोखरामा ल्याएका हौँ ।" योग स्वस्थ व्यक्तिका लागि जीवन पद्धति र योगीहरूका लागि साधनापद्धति भएकाले यसबारे जनचेतना फैलाउन आवश्यक रहेको उनी बताउँछन् । मानसिक स्वास्थ्यका लागि तनाव कम गर्न, खानपानमा सुधार गर्न र शारीरिक लचकताका लागि पनि योग अपरिहार्य रहेको पुरीको जोड छ।

पोखरामा अन्तर्राष्ट्रियस्तरको योग फेस्टिबल नै पहिलो पटक हुन लागेको आयोजकको दाबी छ । अहिले योग फेस्टिबल राज्यस्तरबाटै हुन थालि सकेको छ। गत जेठमा सार्क राष्ट्रसहित इरान र साउदी अरबका खेलाडी सम्मिलित माउन्ट एभरेष्ट योग फेस्टिबल प्रतियोगितात्मक हिसाबमा सम्पन्न भएको थियो । पोखरामा भने योगका कला प्रशिक्षण मात्र हो। स्पेक्स फोर्टिनका महेश्वरसिंह भण्डारीले कार्यक्रमको सबै तयारी पूरा भएको जनाउँदै कार्यक्रम स्थल काहुँडाँडा हुने र पाहुनालाई होम स्टेमा आवास सुविधासहित राखिने जानकारी दिनुभयो। भोलिदेखि हुने योग फेष्टिबलमा १० देशका ३० जना भन्दा बढीको सहभागिता रहने उहाँको भनाई छ।

## पोखरा जाँदै गरेको बस दुर्घटनामा १८ यात्रु घाइते

**रासस**
पोखरा, १ पुस

मुग्लिनबाट पोखरा जाँदै गरेको बस तनहुँको व्यास नगरपालिका-१२ कमलबारीमा आज दुर्घटना हुँदा १८ यात्रु घाइते भएका छन् । ग२ख १४५९ नम्बरको बसले टिप्परलाई 'ओभरटेक' गर्ने क्रममा सडकबाट तल खस्न गई दुर्घटना भएको प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाणले जानकारी दिनुभयो।

घाइते हुनेमा तनहुँ भानु नगरपालिका वडा नं १ साजबोटेका १० वर्षे असिमा साही, भानु नगरपालिका वडा नं ३ चाम्बासका २१ वर्षे सबिता सुनार, १९ वर्षे सबिना सुनार, मोरङ कटेरी गाउँपालिका वडा नं २ का ३० वर्षे प्रदीप गोदार छन्।

त्यस्तै भोजपुर टेम्केमैयुङ गाउँपालिका वडा नं ९ हिलेखर्कका ४० वर्षे सुरन


बाँकी अन्तिम पृष्ठमा ▶▶


## 'अब कांग्रेसका कार्यकर्ताले अन्य दललाई मतदान गर्न पर्दैन'

**पोखरापत्र संवाददाता**
पर्वत, १ पुस

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले आगामी आमचुनावमा नेपाली कांग्रेसका कार्यकर्ताले अन्य दलको चुनाव चिह्नमा मतदान गर्न नपर्ने बताउनुभएको छ । दलको गठबन्धनमा लागेर कांग्रेस अस्तव्यस्त बनेको बताउँदै विसं २०८४ को चुनावमा नेपाली कांग्रेसले कसैसँग पनि गठबन्धन नगर्ने दाबी गर्नुभयो।

नेपाली कांग्रेस पर्वत 'क' को क्षेत्रीय सम्मेलनलाई आज कुश्माबजारमा सम्बोधन गर्दै थापाले गठबन्धनको संस्कृति नै संविधानवाट हटाउनुपर्ने बताउनुभयो। उहाँले चुनाव अघि साना ठूला कुनै पनि दलले गठबन्धन गर्न नपाउने गरी संविधान संशोधन गर्नुपर्ने बताउनुभयो। दलहरु एक्लाएक्लै चुनाव लड्दा कांग्रेस, एमाले, माओवादी कोही पनि डराउनु नपर्ने बताउनुभयो।

उहाँले गठबन्धनका कारण कांग्रेसको अस्तित्व नै समाप्त हुने बताउँदै थापाले भन्नुभयो, "बरु कांग्रेस सकिन्छ तर कसैसँग पनि गठबन्धन गर्दैन।" थापाले प्रधानमन्त्री पुष्पकमल दाहालले सन्तोषजनक काम गर्न नसकेको बताउनुभयो । कांग्रेसले समर्थन गरेको भए पनि आम नेपालीले आशा र भरोसा गर्नेगरी सरकारले काम गर्न नसकेको उहाँले बताउनुभयो।

कांग्रेसका सांसदले मत दिएर दाहाललाई प्रधानमन्त्री बनाएको भन्दै उहाँले एक वर्षसम्म काम गर्न नसकेको बताउनुभयो। अब एक वर्ष दाहाल नै प्रधानमन्त्री बन्ने सत्ता गठबन्धनबीच सहमति रहेको भन्दै थापाले यो अवधिमा काम गर्न नसके कांग्रेसले समर्थन फिर्ता लिएर आफ्नो नेतृत्वमा सरकार बनाउनुपर्ने बताउनुभयो। प्रचण्डलाईकुनैसाइनोपरेरप्रधानमन्त्री बन्न सहयोग गरेको नभई केही काम गर्छन् कि भनेर मत दिएको महामन्त्री थापाले बताउनुभयो। सरकार गठन भएको एक वर्ष अवधि पुग्न लागेको तर अहिलेसम्म कुनै राम्रो काम गऱ्यो भनेर भन्न नसकिने उहाँको भनाइ छ । अब एमालेलाई नेतृत्वमा पुऱ्याउन नहुने महामन्त्री थापाले बताउनुभयो । केपी ओली नेतृत्वमा पुगे पुन संसद् विघटन गर्ने उहाँले बताउनुभयो। महामन्त्री थापाले सरकारमा रहेका कांग्रेसका नौ जना मन्त्रीले पनि


बाँकी अन्तिम पृष्ठमा ▶▶


## एउटै व्यक्ति बारम्बार उच्च पदमा रहने व्यवस्था परिवर्तन हुनुपर्ने

**पोखरापत्र संवाददाता**
बेनी, १ पुस

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा नागरिकका अधिकार सुरक्षित हुने भएकाले यसको विकल्प लोकतन्त्र नै हुने बताउनुभएको छ।


नेपाली कांग्रेस म्याग्दीको आइतबार बेनीमा आयोजित प्रथम सम्मेलनमा महामन्त्री शर्माले विगतको तुलनामा लोकतान्त्रिक व्यवस्थामा नागरिकले धेरै अधिकार




पाएकाले विकल्प सोच्न नसकिने बताउनुभयो।

"नागरिकका असन्तुष्टि र गुनासालाई सम्बोधन गर्न व्यवस्थाप्रति आकर्षण बढाउने नीति बनाउनुपर्छ। व्यवस्था खराब होइन। नागरिकमा किन वितृष्णा र निराशा बढ्यो भनेर अध्ययन गर्नुपर्छ," उहाँले भन्नुभयो, "एकजना व्यक्ति राष्ट्रपति र प्रधानमन्त्री एकपटक, मन्त्री तीनपटक र सांसद चारपटकभन्दा बढी हुन नपाउने नीतिगत व्यवस्था गरेर गणतान्त्रिक व्यवस्थामा सुधार ल्याउन सकिन्छ।"

निर्वाचित जनप्रतिनिधि, सरकारी कर्मचारी तथा राज्यका संयन्त्र नागरिकप्रति जवाफदेही नहुँदा व्यवस्थाको विरोध भएको

# नेपालगञ्जमा जाउँ है पोखरा अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस

होटल संघ पोखरा नेपाल र नेपाल पर्यटन वोर्ड गण्डकी प्रदेश कार्यालयको संयुक्त आयोजनामा पश्चिम तर्फ सुरु गरिएको जाउँ है पोखरा अभियान अन्र्तगत आइतबार नेपालगञ्जका पर्यटन व्यावसायीहरुसंग छलफल भएको छ । वर्दिया राष्ट्रिय निकुञ्ज लगायत नेपालगञ्ज वरपरका पर्यटकीय स्थलको बारेमा पोखरामा पनि जानकारी दिने व्यवस्था मिलाउनुपर्नेमा नेपालगञ्जका पर्यटन व्यवसायीले उक्त कार्यक्रममा माग गर्नु भएको छ ।



साथै नेपालगञ्ज पोखरा सिधा हवाई उडानलाई दैनिक उडान गर्न व्यवसायीहरुले माग गर्नु भएको छ । सो क्षेत्रमा हाल हप्तामा तीन वटा मात्र हवाई उडान हुदै आएको अबस्थामा अब यसलाई दैनिक उडान गर्न सके सिमावर्ती क्षेत्रमा आएका भारतीय पर्यटक सहित नेपालगञ्ज क्षेत्रका पर्यटकलाई पोखरा र पोखरामा आएका पर्यटकलाई नेपालगन्जमा पठाउन सकिने व्यवसायीहरुले बताउनु भएको थियो । नेपालगञ्ज उपमहानगरका उपप्रमुख कमरुद्दीन राईले रुपैडिया नाका हुँदै नेपाल भित्रिने भारतीय पर्यटकले झण्झट बेहोर्नु परेको गुनासो गर्नु भएको थियो । पर्यटकका लागि झण्झट रहित यात्रा महत्वपूर्ण रहेको उल्लेख गर्दै उहाँले सीमा क्षेत्रमा एक ठाँउमा चेकजाँच भइसकेपछि अन्य धेरै ठाँउमा फरक निकायले चेकजाँचकै नाममा द‍ुःख दिन नहुने उहाँले बताउनु भयो ।

नाट्टा बाँकेका अध्यक्ष श्रीराम सिग्देलले पर्यटकमैत्री वातावरण सीमावर्ती क्षेत्रमा दिनसके त्यसको सकारात्मक सन्देश सिंगो भारत र अन्य देशमा पनि पुग्ने दाबी गर्नु भयो । नेपालगञ्ज र पोखरा बीचको उडान थप्नुपर्नेमा उहाँले माग गर्नु भयो । पर्यटन वोर्ड पोखराका वरिष्ठ अधिकृत कुन्दन मिश्रले पर्यटन वोर्ड व्यवसायीसंग मिलेर पर्यटन प्रवर्द्धनका लागि निरन्तर काम गर्दै आएको बताउनु भयो । नेपाल पर्यटन वोर्ड गण्डकी प्रदेशले सीमावर्ती क्षेत्रमा सहरमा प्रवर्द्धनात्मक कार्यक्रम गर्दा भारतीय पर्यटक भित्र्याउन सहज हुने आफुहरुले अपेक्षा गरेको उहाँको भनाई थियो ।

होटल व्यवसायीय महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष भास्कर काफ्ले पोखराका पर्यटन व्यवसायीबाट अन्य स्थानका व्यवसायीले समेत धेरै कुरा सिक्नुपर्नेमा जोड दिनु भयो । अब छिट्टै जाउँ है नेपालगञ्ज अभियान लिएर पोखरा लगायतका विभिन्न सहर पुग्नुपर्ने उहाँको भनाई थियो ।

पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले भारतीय पर्यटकका लागि गण्डकी प्रदेशमा सहज वातावरण बनाउन आफूहरुले पहल गर्दै आएको बताउनु भयो । नेपालगञ्जबाट दैनिकरुपमा पोखरा र पोखराबाट नेपालगञ्ज उडान अनिवार्य रहेकोमा जोड दिदै स्तरिय बस सेवा समेत आवश्यक भएको उहाँले जोड दिनु भयो । पोखरामा बाघ हेर्न चाहने पर्यटकका लागि बर्दिया पठाउने गरेको उहाँको भनाई थियो । नेपालगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष चिरञ्जिवी ओलीले पोखरा सहर आँफैमा प्राकृतिक श्रोत साधनले धनि भएकोले नेपालगञ्ज आइसकेपछि नेपालगञ्ज रोजाइमा पार्ने गरी कार्यक्रम गर्न आग्रह गर्नु भयो । सीमामा कडाई गर्ने तर अन्यत्र दुःख दिन नहुनेमा उनको भनाई थियो ।

होटल सघं पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले होटल संघ पोखराले चलाएको जाउँ है पोखरा र चलिए पोखरा लगायतका कार्यक्रमका साथै अन्य पर्यटकीय संघ संस्थाहरुले चलाएका अभियानले पोखरा क्षेत्रको आन्तरिक पर्यटनमा बृद्धि भएको दाबी गर्नु भयो ।

शुक्रबार देखि सुरु भएको उक्त अयिभान अन्र्तगत विभिन्न कार्यक्रम सहित भैरहवा, नेपालगन्ज, धनगढी हुदैं टोलीले महेन्द्रनगरसम्म पुगेर विभिन्न कार्यक्रम गर्दै छ । साथै टोलीले अगेंजी नयाँ बषको अवसरमा पोखरामा आयोजना हुने २५ औं सडक महोत्सवको समेत निमन्त्रण गरिएको छ । पुष १३ देखि १६ गतेसम्म उक्त महोत्सव हुने भएको संघका सचिव पार्वती पाण्डेले बताउनु भयो ।

# नागरिक डेण्टलको वडा १३ मा निःशुल्क दन्त शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस

विवाह पछिको माइती आउँदा खुशी नाप्न सकिदैन् । हरेक दिनको माइती बसाइमा खुशी नै खुशी आउँछ । अझ बढि खुशी त माइतीलाई सेवा गर्त पाउँदा पो हुँदो रहेछ डा कृपा शाहीले भन्नुभयो ।



पोखरा महानगरपालिका वडा नं १३ को आयोजना तथा नागरिक डेण्टल क्लिनिक एण्ड अर्थोडोन्टिक सेन्टरको प्राविधिक सहयोगमा आइतवार भएको निःशुल्क दन्त शिविर कार्यक्रममा डा शाहीले माइती गाउँ वडा १३ आए पछि खुशी व्यक्त गर्नुभएको हो । सात वर्ष अघि विवाह वन्धनमा बाँधिएर जन्म घर छोड्नु भएको डा शाहीले आँफ्नै क्लिनिकको सहयोगमा माइतीलाई निःशुल्क दन्त परिक्षण गर्न पाउँदा खुशी नै खुशी छायो अनुहारमा । एक सय भन्दा बढि सहभागी भएको शिविरमा १५ जनाको दाँत फुकाल्नुको साथै अन्य सहभागीहरुको दाँत सफा गर्नु पर्ने भेटिएको छ । सहभागीहरु मध्येवाट अवस्था अनुसार निःशुल्क औषधी, मन्जन र ब्रश वितरण गरियो । शिविरमा डा. कृपा शाही, डा ओशिमा थापा, डा विश्वज्योती पौडेल र नर्सहरुमा मनिषा जिसी, रचना वराल र वडा १३ का स्वास्थ्य स्वयंम सेवीकाको उल्लेखनीय भुमिका भएको वडा नं १३ का वडा अध्यक्ष किरण वरालले भन्नुभयो ।

# पश्चिमाञ्चल माविमा रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस

गैह्रापाटनस्थित पश्चिमाञ्चल माविले ३२ औं वार्षिकोत्सवको अवसरमा शुक्रबार खुला रक्तदान कार्यक्रम आयोजना गरेको छ ।




विद्यालय परिसरमा भएको रक्तदानको पश्चिमाञ्चल फाउन्डेसनका अध्यक्ष प्राडा रामनाथ ओझाले उद्घाटन गरेका थिए । कार्यक्रममा ३५ यूनिट रगत संकलन भएको थियो । विद्यालयका प्राचार्य सरोज कोइरालाले वार्षिकोत्सव अवसरमा विद्यालयले हरेक वर्ष रक्तदान सहित विभिन्न कार्यक्रम गर्दै आएको बताए ।

आगामि दिनमा पनि यस्तै सामाजिक कामलाई निरन्तरता दिने उनले बताए । विद्यालयकी सहप्राचार्य मिनु श्रेष्ठ कुँवरले सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालयले रक्तनाथ कार्यक्रम आयोजना गरेको बताईन । एकजना व्यक्तिको रगतले अर्को एकजनाले जीवन जिउन पाउने उनले बताईन ।

शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक र स्थानीयले रक्तदान कार्यक्रममा रगत दान गरेका थिए । विद्यालयमा अहिले १२ कक्षासम्म मानविकी, कानुन, विज्ञान, व्यवस्थापन र होटल व्यवस्थापन विषयमा अध्यापन हुन्छ । पश्चिमाञ्चल माविमा शुक्रबार आयोजित रक्तदान कार्यक्रम ।

# लेकसिटी कलेजका विद्यार्थीसँग दयाका कुरा

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस

'मानिस जतिसुकै ठूलो होस् वा पढेको किन नहोस्, दया र करुणा छैन भने पढाइको कुनै अर्थ हुन्न,' उनले भनिन्, 'तर अचेल नेपालका विद्यालयहरुमा दया र करुणका कुराहरु सिकाइँदै रैनछ ।' नेपालमै जन्मेर हुर्किए अनि पढेर अमेरिका पुगेकी दुर्गामाया भट्टचन अमेरिका र नेपालको अवस्थाबारे आफ्ना अनुभव भन्दै थिइन् ।




अमेरिकी विद्यालयहरुमा सानैदेखि मानिसले मानिसलाई सहयोग गर्नुपर्ने र मानिसमा करुणाभाव हुनुपर्ने कुरा सिकाइने गरेको उनले सुनाइन् । त्यही कुरालाई मनन गर्दै उनले नेपाल फर्किएर काइन्डनेस क्लबको अवधारणा अघि सारिन् । केही वर्षअघि उनकै पहलमा मदरल्यान्ड मावि मासबारमा त्यस्तो क्लबमात्रै खुलेन, विद्यार्थीहरुलाई करुणा र दयाका कुरा सिकाइयो । उनकै अनुभवमा त्यसपछि विद्यार्थीहरुमा परिवर्तन पनि देखापर्‍यो ।

भट्टचनका अनुसार अमेरिकी विद्यालयमा काइन्डनेस अर्थात दया र करुणाको विषयको कोर्ससमेत छ । नेपालमा पनि त्यसो गर्न सक्नुपर्ने उनले सुझाइन् । काइन्डनेस क्लबका अध्यक्ष श्रीकृष्ण परियारले क्लब ५ वर्षअघि मदरल्यान्डबाट सुरु भएको जानकारी दिए । उनकै अनुसार क्लब विस्तारै अरु विद्यालयहरुमा पनि गठन भइरहेका छन् । अप्ठेरोमा परेका बालबालिका र अरु मानिसहरुलाई सहयोग गर्ने भावना जागृत गर्ने उक्त क्लबको उद्देश्य रहेको परियारले सुनाए । कुनै दाताको भर नपरी आफैआफैले मिलेर सहयोगका कार्यक्रम गर्दै आएको पनि उनले बताए । क्लबले छात्रवृत्ति पनि वितरण गर्दैछ । काइन्डनेस क्लबका कुरा सुन्दा लेकसिटी कलेजमा सामाजिक कार्य पढिरहेका विद्यार्थी पनि क्लबमा संलग्न हुन उत्साहित बनेका थिए ।

सामाजिक कार्य विषयसमेत समाजसेवासँग सम्बन्धित भएको हुँदा कलेजले उक्त क्लबका पदाधिकारीलाई दया, करुणा र हृदयका कुरा साझा गर्न डाकेको थियो । पोखरा गैरापाटनस्थित लेकसिटी कलेजको मानविकी संकायमा सामाजिक कार्य, पत्रकारिता, अंग्रेजी साहित्य विषयको पढाइ हुन्छ । त्यसका अलावा कलेजमा वाणिज्य संकाय पनि छ ।

## पोखरा. ...

राई, व्यास नगरपालिका वडा नं २ का ३४ वर्षे पिल्लिमाया थापा, बन्दीपुर गाउँपालिका वडा नं १ का ५२ वर्षे ज्ञानदेवी श्रेष्ठ र २० वर्षे स्नेहा श्रेष्ठ, व्यास नगरपालिका वडा नं २ का २१ वर्षे एन्जल भट्टराई, आँबुखैरेनी गाउँपालिका वडा नं ५ छिम्केश्वरीका ४१ वर्षे पूर्णबहादुर गुरुङ पनि घाइते भएका छन् । साथै भानु नगरपालिका वडा नं १ साझबोटेका २६ वर्षे बबिता थापा, ३० वर्षे नविन थापा, १२ वर्षे दुर्गा थापा, सात वर्षे नविना थापा, व्यास नगरपालिका वडा नं २ डाङ्ग्रे खोल्सीका ४० वर्षे दीपा थापा, भोजपुर टेम्केमैयुङ गाउँपालिका वडा नं ९ हिलेखर्कका ५० वर्षे सुमित्रा राई, व्यास नगरपालिका वडा नं ११ मूलपानीका ३६ वर्षे जुनु भट्टराई र आठ वर्षे पूर्णिमा भट्टराई छन् । घाइतेमध्ये दश जनाको दमौली अस्पतालमा र आठ जनाको पोखरा मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## अब कांग्रेसका...

राम्रो काम गर्नुपर्ने बताउनुभयो ।

जनतालाई सुशासन र भ्रष्टाचार न्यूनीकरण गर्दै निर्मूल पार्ने जिम्मा आएको उहाँले बताउनुभयो । "भ्रष्टाचारको न्यूनीकरण गर्दै निर्मूल गर्ने र जनतालाई सुशासन दिने नै हो", उहँले भन्नुभयो, " वर्तमानमा कांग्रेस नागरिकको उत्तर दिने ठाउँमा पुगेको अवस्था छ ।" महामन्त्री थापाले कांग्रेस उहाँको कथन थियो ।

सम्मिलित सरकारले सुन तस्करीलाई रोक्ने अवस्थामा ल्याउनुपर्ने बताउनुभयो ।


समिति बनाई त्यसको छानबिन गरेर दोषीलाई कारबाही हुनुपर्नेमा उहाँको जोड थियो । महामन्त्री थापाले भ्रष्टाचार र कुशासन अन्त्यका लागि कांग्रेस पार्टीभित्रै पनि लड्ने बताउनुभयो । कांग्रेसलाई बलियो पार्टी बनाउनका लागि केन्द्रीय नेतृत्वदेखि वडा तहसम्म पुनर्जागरण ल्याउन आवश्यक रहेको उहाँको भनाइ थियो । कांग्रेसले अन्य दलहरुले चलाएको जस्तो मिसन २०८४ जस्तो आगामी चुनावका चिन्ता नलिईकन सङ्गठन निर्माणमा जुट्नुपर्ने बताउनुभयो । कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य अर्जुनप्रसाद जोशीले नेपाली कांग्रेसलाई मजबुत बनाउनका लागि सक्रिय हुन कार्यकर्तालाई आग्रह गर्नुभयो ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# संकल्प यात्राको समापन

मंसिर १४ विहान ८.३० मा बैतडीको झुलाघाटबाट सुरु भएको नेकपा एमालेको मध्यपहाडी लोकमार्ग केन्द्रीत 'समृद्धिका लागि संकल्प यात्रा' आइतबार १८ औं दिनमा पूरा भएको छ। पाँचथरको चिवाभन्ज्याङमा पुगेर एमाले अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रिय झण्डोत्तलन गरेपछि यात्रा औपचारिक रुपमा समापन भएको छ। सम्बन्ध स्थानीय- सन्देश राष्ट्रिय दिने गरि संचालन भएको संकल्प अभियान एमालेको मात्र नभइ राष्ट्रिय संकल्प बन्न पुगेको छ।

लगभग २ हजार किलोमिटर मध्यपहाडी यात्राको औपचारिक समापन नेपालको पाँचथर र भारत सिक्किमको सीमास्थित चिवा भञ्ज्याङमा दिउँसो सवा १२ बजे भएको छ। नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा पार्टीको केन्द्रीय नेतृत्व यात्रामा सहभागी थिए। राजनीतिक हिसाबले जनतामा निराशा फैलाइएको अवधिमा यात्राले जनतामा उत्साह फैलिएको विश्वास गर्न सकिन्छ। समस्या पहिल्याउने र समाधान खोज्ने अभियानमा धेरैको मन र भावना जोडिएको छ। अन्य पार्टीमा समेत अभियानले प्रभाव पार्न सक्नु सफलता हो।

आफ्ना ठाउँका विशेषता, परिचय, समस्यालगायतका विषय ध्यानाकर्षण, मागपत्र ज्ञापनपत्रद्वारा नागरिकबाट बुझ्ने मौका एमाले नेतृत्वले पाएको छ। चुनावमा गाउँ पुगेर वास्तविक भन्दा कल्पनाका आधारमा उठाइएका माग र जनताले उठाएका माग र हाम्रो कार्यशैलीका बीचमा कति खाइल रहेको छ भन्ने छर्लङ्ग भएको हुनुपर्छ। वैचारिक र जानकारीका हिसाबले पार्टीलाई मजबुद बनाएको र समस्या समाधानका लागि पार्टीलाई कार्ययोजना प्राप्त भएको अध्यक्ष ओलीको भनाईले स्पष्ट पारेको छ।

'देशको राजनीति अलमलमा छ, । देशको समय र जनताको आयु नबुझ्ने शासकहरुका कारण नयाँ पिँढीको समय खेर गएको छ।' संकल्प यात्राले देश विकास र समृद्धिको दिशामा अघि बढाउन असाधारण भूमिका खेलेको बुझेको नेतृत्वले सरकार चलाउन सक्दा मात्र जनतामा आशा पलाउँछ।देश विकास गरेर जनताको अवस्था बदल्न नदिने प्रबृति कायमै रहेको छ। सत्ता नै सबैथोक संझनेहरुको गठजोड रहुन्जेल समाजलाई एकताबद्ध हुन दिदैन। कोशी प्रदेशमा पहिचानका नाममा गरिएका हर्कतले एमाले पङ्क्ति मात्र होइन अन्य दलकालाई पनि यात्राले अवाञ्छित चिन्तनलाई हतोत्साही पारेको छ।

यात्राले अवाञ्छित चिन्तन, विचारलाई हतोत्साहित गरेको छ।, देश र जनताको हितलाई सर्विपरी ठान्ने आम जनताको मनोबल उच्च भएको र सबै नेपालीलाई एकतामा बाँध्ने प्रेरणा यो यात्राले दिएको एमाले अध्यक्षको भनाई यथार्थ परक छ। संकल्प यात्राको समापन भएपनि अभियानको उदेश्य कार्यान्यनका लागि शुरुआत हो।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| **मेष** | : सम्मान मिल्नेछ | **तुला** | : शत्रुको भय |
| **वृष** | : आर्थिक समस्या | **वृश्चिक** | : झमेला बड्ने |
| **मिथुन** | : मानसिक तनाब | **धनु** | : कार्यमा सफलता |
| **कर्कट** | : शारीरिक झमेला | **मकर** | : मन चञ्चल |
| **सिंह** | : ब्यापारमा लाभ | **कुम्भ** | : सहयोग मिल्नेछ |
| **कन्या** | : अप्रत्यसित लाभ | **मीन** | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# बिन्ध्याबासिनी मावि बाटुलेचौरमा शिक्षक अभिभावक संघ गठन

पोखरापत्र संवाददाता
पोखरा, १ पुस

पोखरा महानगरपालिका वडा नम्बर १६ बाटुलेचौरस्थित बिन्ध्याबासिनी माध्यमिक बिद्यालयमा शिक्षक अभिभावक संघ गठन भएको छ। बिद्यालय प्रांगणमा शनिबार आयोजित शिक्षक तथा अभिभावकहरुको भेलाले भीमप्रसाद पौडेलको अध्यक्षतामा मावि बाटुलेचौर शिक्षक अभिभावक संघ गठन गरेको हो। यसपटक सँगै पौडेल पटक-पटक गरेर तीन पटक अध्यक्ष बनेका छन्।

उक्त समितिका अन्य सदस्यहरुमा अञ्जना तिमिल्सिना, मनोहरि आचार्य, सृष्टि पुन, देवी पुरी, रुपा नेपाली, मिना पौडेल र शोभा पौडेल रहेका छन। सोही भेलाले बिद्यालय संचालनमा सहयोग गर्न बिभिन्न उपसमितिहरु पनि बनाएको छ। भेलाले सरिता अधिकारीको संयोजकत्वमा स्वास्थ्य तथा मानोपरामर्श उपसमिति, रमेश त्रिपाठीको संयोजकत्वमा खाजा ब्यबस्थापन उपसमिति, बिष्णु अर्यालको संयोजकत्वमा निर्माण उपसमिति र रमा आचार्यको संयोजकत्वमा खरीद तथा लिलाम उपसमिति गठन गरेको छ। त्यस्तै सोही भेलाले जयलाल भट्टराईको संयोजकत्वमा तारा अधिकारी र लोकनाथ शर्मा भट्टराई सदस्य रहेको षःआईह्यख गुणस्तर तथा योजना तर्जुमा उपसमिति गठन गरेको विद्यालयका प्राचार्य/प्रधानाध्यापक कृष्ण प्रसाद आचार्यले जानकारी दिए। कार्यक्रमको अन्त्यमा अध्यक्षका प्रत्यासी डिल्लीराम पौडेलले पुनः अध्यक्ष चुनिएका पौडेललाई बधाई दिदै आफु आगामी दिनहरुमा पनि सहयोगी भएर लाग्ने बचन दिएका थिए। पोखरा १६ का वडाध्यक्ष अमृतप्रसाद तिमिल्सिना र वडा सदस्य मन्जु नेपालीले नवगठित शिक्षक अभिभावक संघले बिद्यालयको उत्तरोत्तर प्रगतिका लागि निरन्तर लागि रहने बिश्वास व्यक्त गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए। सोही अवसरमा वडाध्यक्ष तिमिल्सिनाले बिद्यालयको शिक्षामा गुणस्तर बृद्ध गर्न र भौतिक उन्नतिका लागि बिन्ध्याबासिनी मावि र चण्डिका प्राथमिक बिद्यालयलाई समायोजन गर्ने प्रक्रिया अन्तिम चरणमा रहेको जानकारी दिएका थिए। उनले दुई वटा बिद्यालय समायोजन भए पछी मात्र लगत्तै बिद्यालय ब्यबस्थापन समितिले पूर्णता पाउने जानकारी दिए।

स्मरण रहोस, वडा कार्यालयबाट शिफारिश आउनु पर्ने सदयाहरुको नाम उपलब्ध हुन नसक्दा बिगत एक वर्षदेखि बिन्ध्याबासिनी मावि बाटुलेचौरमा बिद्यालय ब्यबस्थापन समितिले पूर्णता पाउन सकिरहेको छैन।

# म्याग्दीमा सुन्तला उत्पादन घट्यो

पोखरापत्र संवाददाता
म्याग्दी, १ पुस

गत वर्षको तुलनामा यस वर्ष म्याग्दीमा उन्तला उत्पादन घटेको छ। गत वर्षको तुलनामा करिब दश प्रतिशतले उत्पादन घटेको अनुगमन गरिएको जिल्लास्थित कृषि ज्ञान केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुन्तला जोन कार्यालयले जनाएका कछन्।

जिल्लाबाट निकासी हुने प्रमुख कृषि उपजका रुपमा सुन्तलालाई लिने गरिन्छ। सुन्तला जोनका कृषि अधिकृत विक्रम बस्यालले फूल खेल्ने र बटिला लाग्ने समयमा बेमौसमी वर्षा, असिनापानी र रोगकीराको समस्याका कारण सुन्तला उत्पादन घटेको बताउनुभयो। "सुन्तला खेती हुने क्षेत्रफल र उत्पादनयोग्य बोटको सङ्ख्या बढेपनि प्रतिकूल मौसम र रोगकीराका कारण उत्पादकत्व नौ प्रतिशतले घटेको प्रारम्भिक अनुमान गरेका छौं," उहाँले भन्नुभयो, "क्रम कटिङ रिपोर्ट तयार पार्न बाँकी छ।


# शीतल बचत तथा ऋण सहकारी संस्था लि. पो.म.न.पा १७ मा तपशिल ऋणीलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजानिक सुचना ।।

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/०२)

**यस शीतल बचत तथा ऋण सहकारी संस्था लि वाट धितो कर्जा, व्यक्तिगत कर्जा तथा हायरपर्चेज कर्जा लिई उक्त ऋण रकमको किस्ता नियमित रुपमा संस्थालाई तिर्न बुझाउनुपर्ने साँवा,व्याज,एवम अन्य दस्तुर समय भित्र नतिरी/नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक पटक प्रत्यक्ष भेटघाट, मौखिक तथा लिखित जानकारी गराउँदा समेत ऋण भुक्तानी गर्न आलटाल गरी आफुले बुझाउनु पर्ने रकम नबुझाएको हुदाँ यो ३५ (पैतिस) दिने सार्वजानिक सूचना प्रकाशित गरीएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा यस संस्थामा सर्म्पक राखि तपाईले आफ्नो तिनुपर्ने साँवा व्याज, तथा अन्य दस्तुर बुझाउनुहोला,अन्यथा प्रचलित ऐन कानुन सहकारी ऐन निमावली र संस्थाको विनियम तथा संस्थासँग गरेको लिखित बमोजिम स्वयम् व्यक्तिको नाममा रहेको चलअचल सम्पती लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस संस्थाले लेना रकम असुल उपर गरिनुका साथै ऋणीलाई कालो सूचिमा समावेश गरीने व्यहोरा यस सूचनामार्फत जानकारी गराइन्छ।**

**तपसिल**

| ऋणी | जमानी दिनेको तिनपुस्ते विवरण र ठेगाना |
|---|---|
| १) लक्ष्मण गुरुङको नाति, जस बहादुरको छोरा, कास्की जिल्ला कृस्तिनाच्नेचौर वडा नं.४ स्थायी वतन रहि हाल पोखरा मा.न.पा वडा नं. २१ बस्ने वर्ष ६२ को ना.प्र.प.नं ५९४ को जारी मिति २०४७/०९/१३ (जि.प्र.का कास्की ) रहेका<br>**ऋणी : भेष बहादुर गुरुङ**<br>कर्जा शिर्षक : धितो कर्जा | १) बुद्धी बहादुर गुरुङ्गको नाति, प्रेम बहादुर गुरुङ्गबको छोरा, कास्की जिल्ला पोखरा म.न.पा वडा नं.१७ स्थायी वतन रहि हाल पोखरा वडा नं.१७ बस्ने वर्ष ४५ को, ना.प्र.प.नं.१२६८२(पर्वत) को जारी मिति २०५२/१२/०१ (जि.प्र.का कास्की) रहेको<br>धनजमानी : कुमार गुरुङ्ग। |
| २) खतन सिङ गुरुङको नाति, भक्त बहादुर गुरुङको छोरा कास्की जिल्ला पोखरा लेखनाथ मा.न.पा वडा नं २१ स्थायी वतन रही हाल पोखरा मा.न.पा २१ बस्ने बर्ष ८१ को ना.प्र.प.नं ४१६८ को जारी मिति २०४९/०९/२७ (जि.प्र.का. कास्की) रहेका<br>**ऋणी : डिल बहादुर गुरुङ**<br>कर्जा शिर्षक : धितो कर्जा | १) भक्त बहादुर गुरुङ्गको नाति,डिल बहादुर गुरुङ्गको छोरा, कास्की जिल्ला पोखरा लेखनाथ मा.न.पा वडा नं २१ स्थायी वतन रही हाल पोखरा मा.न.पा २१ बस्ने वर्ष ५८ को , ना.प्र.प.नं.४६-०१-७४-०२३३८ को जारी मिति २०७४/०३/२५ (जि.प्र.का कास्की) रहेको<br>धनजमानी : देव कुमार गुरुङ्ग।<br>२) डिल बहादुर गुरुङ्गका नाति, देव कुमार गुरुङ्ग को छोरा, कास्की जिल्ला कस्तिनाच्नेचौर गा.वि.स वडा नं ४ स्थायी वतन रही हाल पोखरा मा.न.पा २१ बस्ने वर्ष २८ को, ना.प्र.प.नं.४६-०१-६९-०३८१६ को जारी मिति २०६९/०१/१९ (जि.प्र.का कास्की) रहेको<br>धनजमानी : विनय गुरुङ्ग। |
| ३) देविलाल सापकोटाको नाति, भिम प्रसाद सापकोटाको छोरा कास्की जिल्ला पोखरा उ.मा.न.पा वडा नं १७ स्थायी वतन रही हाल पोखरा मा.न.पा १७ बस्ने बर्ष ५० को ना.प्र.प.नं ४६-०१-७०-०१७६० को जारी मिति २०७०/०२/२२ (जि.प्र.का. कास्की) रहेका<br>**ऋणी : टिका प्रसाद सापकोटा**<br>कर्जा शिर्षक : धितो कर्जा | १) भिम प्रसाद सापकोटाको नाति, टिका प्रसाद सापकोटा को छोरा, कास्की जिल्ला पोखरा उ.मा.न.पा वडा नं १७ स्थायी वतन रही हाल पोखरा मा.न.पा १७ बस्ने वर्ष २६ को , ना.प्र.प.नं.४६-०१-७२-०२१४५ को जारी मिति २०७२/०३/१० (जि.प्र.का कास्की) रहेको<br>धनजमानी : विपिन सापकोटा।<br>२) भिम प्रसाद सापकोटाको नाति, टिका प्रसाद सापकोटा को छोरा, कास्की जिल्ला पोखरा उ.मा.न.पा वडा नं १७ स्थायी वतन रही हाल पोखरा मा.न.पा १७ बस्ने वर्ष २४ को , ना.प्र.प.नं.४६-०१-७४-०८६४३ को जारी मिति २०७४/१२/१५ (जि.प्र.का कास्की) रहेको<br>धनजमानी : रोबनि सापकोटा।<br>३) टिकाराम बरालको नाति,दुर्गादत्त बरालको छोरा, कास्की जिल्ला पुम्दीभुम्दी गा.वि.स वडा नं ०१ स्थायी वतन रही हाल पोखरा मा.न.पा २२ बस्ने वर्ष ५१ को, ना.प्र.प.नं.३८८(कास्की) को जारी मिति २०४६/०२/०१ (जि.प्र.का कास्की) रहेको<br>धनजमानी : विष्णु प्रसाद बराल। |
| ४) रोम बहादुर पहारीको बुहारी, मिन बहादुर पहारीको श्रीमती कास्की जिल्ला पोखरा उ.मा.न.पा वडा नं ०६ स्थायी वतन रही हाल पोखरा मा.न.पा वडा नं ०६ बस्ने बर्ष ४४ को ना.प्र.प.नं ११४६५।५७७ को जारी मिति २०५४/०७/०७ (जि.प्र.का. कास्की) रहेका<br>**ऋणी : इन्दु पहारी**<br>कर्जा शिर्षक : धितो कर्जा | १) राम बहादुर पहारी नाति, रोम बहादुर पहारीको छोरा, कास्की जिल्ला पोखरा उ.मा.न.पा वडा नं ०६ स्थायी वतन रही हाल पोखरा मा.न.पा ०६ बस्ने वर्ष ४६ को, ना.प्र.प.नं.४६१६४ को जारी मिति २०५३/०४/२७ (जि.प्र.का कास्की) रहेको<br>धनजमानी : मिन बहादुर पहारी। |
| ५) राम बहादुर पहारी नाति, रोम बहादुर पहारीको छोरा, कास्की जिल्ला पोखरा उ.मा.न.पा वडा नं ०६ स्थायी वतन रही हाल पोखरा मा.न.पा ०६ बस्ने वर्ष ४६ को, ना.प्र.प.नं.४६१६४ को जारी मिति २०५३/०४/२७ (जि.प्र.का कास्की) रहेको<br>**ऋणी : मिन बहादुर पहारी**<br>कर्जा शिर्षक : धितो कर्जा | १) रोम बहादुर पहारीको बुहारी, मिन बहादुर पहारीको श्रीमती कास्की जिल्ला पोखरा उ.मा.न.पा वडा नं ०६ स्थायी वतन रही हाल पोखरा मा.न.पा वडा नं ०६ बस्ने बर्ष ४४ को ना.प्र.प.नं ११४६५।५७७ को जारी मिति २०५४/०७/०७ (जि.प्र.का. कास्की) रहेका<br>धनजमानी : इन्दु पहारी। |
| ६) सर्बजित अधिकारीको नाति, नन्द बहादुर अधिकारीको छोरा, स्याङ्गजा जिल्ला फेदीखोला गा.वि.स. वडा नं ०४ स्थायी वतन रही हाल पोखरा मा.न.पा वडा नं १७ बस्ने वर्ष ५९ को, ना.प्र.प.नं.९४ को जारी मिति २०४२/१२/२६ (जि.प्र.का स्याङ्गजा) रहेको<br>**ऋणी : राम बहादुर अधिकारी**<br>कर्जा शिर्षक : धितो कर्जा | १) नन्द बहादुर अधिकारीका नाति, राम बहादुर अधिकारीको छोरा, स्याङ्गजा जिल्ला फेदीखोला गा.वि.स. वडा नं ०४ स्थायी वतन रही हाल पोखरा मा.न.पा वडा नं १७ बस्ने वर्ष ३० को , ना.प्र.प.नं.४२१०६१।७८ को जारी मिति २०४२/१२/२६ (जि.प्र.का स्याङ्गजा) रहेको<br>धनजमानी :राजेन्द अधिकारी। |
| ७) केशव राज खोक्रेलको नाति, भिम बहादुर खोक्रेलको छोरा, मोरङ्ग जिल्ला जाते गा.वि.स. वडा नं ०३ स्थायी वतन रही हाल पोखरा मा.न.पा १७ बस्ने वर्ष ३३ को , ना.प्र.प.नं.०५२०१३/१२३ को जारी मिति २०६५/११/२९ (जि.प्र.का मोरङ्ग) रहेको<br>**ऋणी : योग्य राज खोक्रेल**<br>कर्जा शिर्षक : धितो कर्जा | १) भिम बहादुर खोक्रेलको बुहारी योग्य राज खाक्रेलको श्रीमति, मोरङ्ग जिल्ला मिक्लाजुङ गा.पा वडा नं ०५ स्थायी वतन रही हाल पोखरा मा.न.पा वडा नं १७ बस्ने वर्ष ३२ को ना.प्र.प.नं ०५-०२-७५-०१२६६ को जारी मिति २०७५-०२-१७ (जि.प्र.का मोरङ्ग) रहेको<br>धनजमानी : पार्वती खोक्रेल |
| ८) हरि प्रसाद शर्माको नाति, महेस शर्माको छोरा, पर्वत जिल्ला ठुलोपोखरी गा.वि.स वडा नं ५ स्थायी वतन रही हाल कास्की जिल्ला पोखरा मा.न.पा. वडा नं ७ बस्ने वर्ष ४७ को , ना.प्र.प.नं ८५८० को जारी मिति २०५२/०४/२३ (जि.प्र.का.पर्वत) रहेको<br>**ऋणी : गणेश शर्मा**<br>कर्जा शिर्षक : व्यक्तिगत कर्जा | |
| ९) हरी लाल पोखरेलको नाति, बिन्दु प्रसाद पोखरेलको छोरा, कास्की जिल्ला कृस्तीनाच्नेचौर गा.वि.स. वडा नं ०३ स्थायी वतन रही हाल पोखरा मा.न.पा २१ बस्ने वर्ष ६८ को ना.प्र.प.नं.४६-०१-७२-०९७७६ को जारी मिति २०७२/१२/०८ (जि.प्र.का कास्की) रहेको<br>**ऋणी : टिकाराम पोखरेल**<br>कर्जा शिर्षक : धितो कर्जा | १) टिकाराम बरालको नाति,दुर्गादत्त बरालको छोरा, कास्की जिल्ला पुम्दीभुम्दी गा.वि.स वडा नं ०१ स्थायी वतन रही हाल पोखरा मा.न.पा २२ बस्ने वर्ष ५१ को, ना.प्र.प.नं.३८८(कास्की) को जारी मिति २०४६/०२/०१ (जि.प्र.का कास्की) रहेको<br>धनजमानी : विष्णु प्रसाद बराल।<br>२) बिन्दु प्रसाद पोखरेलको नातिनि टिकाराम पोखरेलको छोरी,चितवन जिल्ला यरिहानि गा.वि.स वडा नं ०८ बस्ने वर्ष ३९ को , ना.प्र.प.नं ३५३०२३/२८ को जारी मिति २०६३/१०/१० ( जि.प्र.का चितवन ) रहेको<br>धनजमानी : सुमित्रा अधिकारी |
| १०) प्रेम बहादुर के.सीको नाति, हस्त बहादुर के.सी.को छोरा, कास्की जिल्ला निर्मलपोखरी गा.वि.स. वडा नं ०१ स्थायी वतन रही हाल पोखरा मा.न.पा २१ बस्ने वर्ष ६८३० को ना.प्र.प.नं.४६-०१-६९-०५७३६ को जारी मिति २०६९/११/२१ (जि.प्र.का कास्की) रहेको<br>**ऋणी : बासुदेव के.सी.**<br>कर्जा शिर्षक : हायर पर्चेज कर्जा | १) दधिराम काफ्लेको नाति,गोपाल प्रसाद काफ्लेको छोरा, स्याङजा जिल्ला भिरकोट न.पा वडा नं ०३ स्थायी वतन रही हाल पोखरा मा.न.पा १७ बस्ने वर्ष ४३ को , ना.प्र.प.नं.५२१२९ को जारी मिति २०५६/०३/३१ (जि.प्र.का स्याङजा) रहेको<br>धनजमानी : ध्रुव काफ्ले। |

**शीतल बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१७,छोरेपाटन फोन नं.०६१-४५५३२५ /४५३३४४ मो.९८५६०६५३२५
shitalsaving@gmail .com

# विद्यार्थीलाई न्यानो कपडा

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस

एक्मी एजुकेसन एण्ड ट्रेनिङ इन्टिच्युट, चिप्लेढुङ्गा पोखराले तनहुँको व्यास नगरपालिका वडा नं ८ बाहुनपोखरास्थित सहजीवन प्राथमिक विद्यालयका विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको छ।

इन्टिच्युटले सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालयका छात्रछात्रालाई स्वेटर, टोपी लगायतका समाग्री हस्तान्तरण गरेको हो । कार्यक्रमका प्रमुख अतिथि व्यास नगरपालिका वडा नं ८ का वडा अध्यक्ष युवराज गुरुङले ग्रामिण भेगको विद्यालयमा आएर सहयोग गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । यस किसिमको सहयोगले विद्यार्थीलाई अध्ययनका लागि थप प्रोत्साहित गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । इन्ष्टिच्युटका अध्यक्ष एवम् पोखरा-२६ का जनप्रतिनिधि सुदिपराज ढुङ्गानाले संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गरेको बताउँदै आँफूहरूले यस किसिमको सहयोगलाई निरन्तरता दिने बताउनुभयो। इन्स्टिच्युटका प्रबन्ध निर्देशक सुजता आचार्य ढुङ्गानाले संस्थाका तर्फबाट गरिएको सानो सहयोगले विद्यालयका छात्राछात्रालाई महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। २०७९ माघमा स्थापित भई पोखराको चिप्लेढुङ्गामा कार्यालय सञ्चालन गरिरहेको इन्टिच्युटले क्यानाडा, अष्ट्रेलिया, अमेरिका, युरोपियन लगायत विभिन्न ३३ वटा देशमा शैक्षिक परामर्श सहित युवाहरू लक्षित उद्यमशिलताको विकास गर्ने किसिमका रोजगारमुलक तालिमहरू प्रदान गर्दै आएको उहाँले जानकारी दिनुभयो।

विद्यालय व्यवस्थापन समितिका कावा अध्यक्ष एवम् वडा सदस्य रामप्रसाद मिश्रको अध्यक्षता एवम् वडा सचिव गोविन्द मिश्रले सञ्चालन गर्नुभएको कार्यक्रममा विद्यालयका प्रअ इन्दिरा घिमिरे ढुङ्गाना, विद्यालयका अभिभावक रोजिना पौडेल, मंगला क्याम्पस सोतीपसलका निवर्तमान अध्यक्ष युवराज घिमिरे लगायतले बोल्नुभएको थियो।

२०३७ सालमा स्थापित विद्यालयले यस क्षेत्रको शैक्षिक उन्नयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । विद्यालयको संस्थापक अध्यक्षका रुपमा हालका राष्ट्रपति रामचन्द्र पौडेल रहनुभएको थियो।

# लेखनाथ महोत्सव आफैंमा एउटा ब्राण्ड हो-प्रचार प्रसार संयोजक सुवेदी

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस

महोत्सव लेखनाथको संस्कृति, स्थानिय उत्पादन विकास र सम्मृद्धि भन्ने मुल नाराका साथ यहि पुस ५ गतेदेखी १६ गतेसम्म लेखनाथमा आयोजना हुने १९ औं संस्करणको लेखनाथ महोत्सवको तयारी अन्तिम चरणमा आईपुगेको छ।

महोत्सव सञ्चालनको मिती नजिकिंदै गर्दा यस क्षेत्रका विभिन्न आमा/महिला समुहहरु, विभिन्न भाषा भाषी र जातजातीहरु आफ्नो मौलीक संस्कार र संस्कृतिको प्रर्दशनको तयारीमा जुटेका छन भने साना देखी ठुला व्यवसायीहरु व्यापार व्यवसायको प्रर्वद्धन एवं उत्पादन विक्रि वितरणका लागी जुट्दैछन । महोत्सवको पनि महोत्सवको रुपमा चर्चा कमाएको लेखनाथ महोत्सव आफैंमा एउटा व्राण्ड भएको संघका प्रथम उपाध्यक्ष एवं महोत्सवका प्रचार प्रसार संयोजक उपेन्द्रराज सुवेदी राजुको दावी छ । "सुन्तला प्रर्दशनीदेखी १९ औं संस्करणको लेखनाथ महोत्सवसम्म आईपुग्दा हाम्रा अग्रज व्यवसायीहरु, शुभचिन्तकहरु, विभिन्न जातजाती, भाषा भाषी, आमा/महिला समुहहरु एवं सम्पुर्ण लेखनाथवासीहरु एकतावद्ध भएर गरेको योगदान अतुलनीय छ"-संयोजक सुवेदीले भने। "जब लेखनाथ महोत्सवको मिति नजिकिन्छ तब सम्पुर्ण लेखनाथवासीहरुले महोत्सवलाई एउटा पर्वको रुपमा मनाउँछन, बालकदेखी वृद्ध सबैलाई महोत्सवको रौनकले छुने गर्दछ, लेखनाथ महोत्सवमा देखीने एकता सद्भाव विरलै अन्य मेला महोत्सवहरुमा देख्न पाईन्छ, सम्पुर्णमा लेखनाथ महोत्सव हाम्रो हो भन्ने अपनत्वको भावना रहेको पाइन्छ, यसैले गर्दा लेखनाथ महोत्सव आफैंमा एउटा ब्राण्ड हो, यसको उचाईलाई कसरी कायम राखिरहने भन्नेमा हामी सबै सजग छौं"-सुवेदीले भने। देशको अर्थतन्त्र शिथिल अवस्थामा रहेकाले महोत्सव गर्न चुनौतीपुर्ण रहेपनि विभिन्न व्यवसायीक प्रतिष्ठानहरु एवं व्यवसायीहरुको तर्फबाट महोत्सवलाई राम्रो साथ मिलेकोले मेला सफलतापुर्वक सम्पन्न गर्न आफुहरु उत्साहित रहेको उनले वताए। महोत्सव सञ्चालनले यस क्षेत्रको आर्थिक गतिविधि वढाउने र आर्थिक चलयमान भई व्यवसायीहरुमा उत्साह थपिने आयोजकको दावी छ । महोत्सवमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका लघु, घरेलु, साना-ठूला औद्योगिक तथा व्यापारिक प्रतिष्ठानहरुका वस्तु तथा सेवा, हस्तकला, यातायातका साधनहरु, कृषि तथा पशुजन्य वस्तुहरु, विद्यालय स्तरीय शैक्षिक एवं विज्ञान सामाग्री, सुचना र सञ्चार प्रविधिमा भएका नयाँ आयामहरुको जगेर्ना, नयाँ प्रतिभाको खोजी अभियान, सांस्कृतिक जगेर्ना कार्यक्रम लगायतका थुप्रै कार्यक्रमहरु समावेश गरिएको र यसबाट स्थानीय उत्पादनको बजारीकरण, नयां प्रविधि तथा सिपको हस्तान्तरण, साहित्य, कला र संस्कृतिको जगेर्ना तथा आन्तरिक एवं बाह्य पर्यटक प्रवर्द्धनमा टेवा पुग्ने संघका अध्यक्ष एवं महोत्सवका संयोजक विनोद श्रेष्ठले जानकारी दिए।

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा हुने १९ औं संस्करणको महोत्सवलाई पोखरा इको रेड ब्रिक्स प्रा.लि.ले मुख्य प्रायोजन गरेको छ भने सह-प्रायोजकमा पशुपति बिस्कुट र हेटौंडा डेरी, फुड फेस्टीभल प्रायोजकमा न्यूट्रीप्लस शुद्ध तोरीको तेल र प्रर्वद्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेको महोत्सवका सह-संयोजक एवं प्रायोजक व्यवस्थापन तथा उप-समिति परिचालन समितिका संयोजक राजेन्द्र ओभाले जानकारी दिए।

# भु.पू. विद्यार्थी मञ्च आनन्द ज्योति मा. वि.को अध्यक्षमा कडेल

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस



भु.पू. विद्यार्थी मञ्च आनन्द ज्योति मा. वि.बेगनासको अध्यक्षमा विकास प्रसाद कडेल निर्वाचित भएका छन् । शनिबार सम्पन्न मञ्चको चौथो बार्षिक साधरण सभा एवं दोस्रो अधिबेशनबाट कडेल सर्वसम्मत अध्यक्षमा निर्वाचित भएका हुन्।

त्यस्तै मञ्चको उपाध्यक्षमा सुशिला अधिकारी सिग्देल, सचिवमा कृष्णराज आचार्य, कोषाध्यक्षमा अर्जुन पौडेल निर्वाचित भएका छन् । यसैगरी सदस्यहरुमा केशवराज तिवारी, गोमा सोती, टेकनाथ पोखेल, अनिता अधिकारी पोखेल, महेन्द्र सुबेदी, बिजयराज अधिकारी र प्रकाश सापकोटा चयन भएका छन्। संस्थाका सल्लाहकार प्राध्यपाक बिश्वराज अधिकारी संयोजक र बिद्यालय ब्यवस्थापन समितीका अध्यक्ष तिर्थराज अधिकारी, प्रधानध्यपक शिबराज अधिकारी सदस्य रहेको निर्वाचन मण्डलले निर्वाचन प्रक्रिया सम्पन्न गरेको थियो। नयाँ कार्यसमितिका सबै पद सर्वसम्मत चयन गरिएको मञ्चले जनाएको छ। कार्यक्रमको उद्घाटन सत्रमा बोल्दै प्रमुख अतिथी शिक्षा बिकास निर्देशनालय गण्डकी प्रदेशका उपमहानिर्देशक घनश्याम पौडेलले शिक्षा क्षेत्रको बिकासका लागि पुर्व विद्यार्थीहरुको ठुलो भुमिका रहने बताउदै यस बिद्यालयमा पुर्व विद्यार्थीहरु संगठित रुपमा लागेकोमा आफुलाई खुसी लागेको बताए । बिद्यालयको शैक्षिक सुधारका लागि आफु बिद्यालय र पुर्वू. विद्यार्थीहरुको संस्था संग सहकार्य गर्न तयार रहेको उनको भनाई थियो । कार्यक्रमका बिशेष अतिथी समेत रहेका आनन्द ज्योति माध्यमिक बिद्यालयका पुर्व प्रधानाध्यापक फडिन्द्र मोहन शर्मा अधिकारीले बिद्यालयका पुर्व बिद्यार्थी संगठित भएकोमा खुसी लागेको बताउदै शैक्षिक गुणस्तर सुधारमा यस मञ्चले भुमिका खेल्ने अपेक्षा ब्यक्त गरे।मञ्चले सबै पुर्व बिद्यार्थीहरुलाई एउटै छाता मुनि समेट्न सफल हुनुपर्नेमा उनको जोड थियो। बिशेष अतिथी पोखरा महानगरपालिका वडा नम्वर ३१ का निबर्तमान वडा अध्यक्ष कमल बहादुर थापाले आफ्नो कार्यकालमा यस बिद्यालयको शैक्षिक र भौतिक सुधारमा प्रयास गरेको बताउदै आफु बाहिर रहे पनि बिद्यालयको हितमा काम गरिरहने प्रतिबद्दता ब्यक्त गरे।

कार्यक्रममा संस्थाका सल्लाहकार एवं निर्वाचन कमिटीका संयोजक प्राध्यापक बिश्वराज अधिकारीले शैक्षिक क्षेत्रमा राजनिती गर्न नहुने भन्दै प्रागिक थलोको गरिमालाई उच्च बनाउन मञ्चले भुमिका खेल्न सक्नु पर्ने बताए । पोखरा महानगरपालिका ३१ का वडा सदस्य देबेन्द्रराज अधिकारीले बिद्यालयको लागि मञ्च सँग हातेमालो गरेर वडा कार्यलय अगाडि बढ्न तयार रहेको बताए । मञ्चका अध्यक्ष नबराज अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पुर्व न्यायधिस डिल्लीरमण तिवारी, संस्थाका पुर्व सल्लाहकार डा बिष्णुहरी तिमिल्सिना, संस्थाका लेखा परिक्षक चन्द्र बहादुर सुबेदी, बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष तिर्थराज अधिकारी, प्रधानध्यापक शिबराज अधिकारी, शिक्षक मंहासघका केन्द्रिय सदस्य लोचना अधिकारी, आजिवन सदस्यको तर्फबाट टेकनाथ पोखेल, भु.पू.बिद्यार्थी मञ्चहरुको तर्फबाट रामकृष्ण तिमिल्सिना, मञ्चका कोषाध्यक्ष सुशिला अधिकारी सिग्देल लगायतले शुभकामना ब्यक्त गरेका थिए । मञ्चका उपाध्यक्ष बिकास प्रसाद कंडेलले स्वागत गरेको कार्यक्रमको संचालन सचिव श्रीराम कडेल गरेका थिए।

कार्यक्रममा मञ्चलाई सहयोग गर्ने संस्था र ब्यक्तीलाई सम्मान गरिएको थियो भने मञ्चका अजिबन सदस्यहरुलाई आजिबन सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो । साधारणसभाबाट अध्यक्ष र कोषाध्यक्षका प्रतिबेदन सर्वसम्मत पारित भएका छन्।

# नेपालका सुवासले इण्डियन गल्फ च्याम्पियनसिपको उपाधि जिते

**रासस**
काठमाडौं १ पुस

नेपालका नम्बर एक एमेच्योर गल्फर सुवास तामाङले भारतको प्रतिष्ठित आइजीयु १२२औं एमेच्योर गल्फ च्याम्पियनसिप अफ इण्डियाको उपाधि हात पारेका छन्।

रोयल कलकत्ता गल्फ क्लबमा म्याच-प्ले फरम्याटमा खेलिएको ३६-होलको फाइनल खेलमा सुवासले भारतीय खेलाडी रोहितलाई पराजित गर्दै उपाधि जितेका हुन्। ३६ होलको फाइनल खेलमा २९औं होलमा ९ होलको अग्रता बनाएपछि सुभाषले उपाधि पक्का गरेका हुन्। सुभाषले शनिबार भएको खेलमा दक्षिण अफ्रिकाका एल्टिन भान डर मर्वलाई पराजित गर्दै फाइनमा पुगेका हुन् । नेपालमा भएको १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा सुवास दोहोरो स्वर्ण पदक विजेतासमेत हुन्। नेपाल ओलम्पिक कमिटीबाट सन् २०२४ को पेरिस ओलम्पिक गेम्सका लागि छात्रवृत्ति प्राप्त गरेका सुवास विगत दुई वर्षदेखि भारतको बैंग्लुरुस्थित तरूण सरदेशाई एकेडेमीमा प्रशिक्षणरत रहेका छन्।


## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०८०/०९/०१

अन्नपूर्ण गा.पा. कास्कीको मिति २०८०/०९/०१ गतेको पत्र संख्या ५५४ को पत्रअनुसार यस श्री उमा माध्यमिक विद्यालयमा रिक्त रहेको मा.वि. विज्ञान करार राहत शिक्षक नियुक्तिको लागि विज्ञापन गर्न अनुमति प्राप्त भएकोले यस विद्यालयको मिति २०८०/०८/२९ गतेको वि.व्य.स.को बैठक निर्णय अनुसार यो विज्ञापन प्रकाशित गरिएको छ। तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ।

**तपशिल**

विज्ञापन नं.: ०२/२०८०
पदः शिक्षक संख्याः १ जना तहः विज्ञान
तलव स्केलः नेपाल सरकारको प्रचलति नियम सरह
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको योग्यताः बि एस्सी वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०८०/०९/१५ गते ४ः बजेसम्म(श्री उमा मा.वि.)
सम्पर्क मितिः २०८० पौष १५ गते पछि जानकारी गराइने।
परीक्षा हुने मितिः सम्पर्क मितिमा तोकिने
दरखास्त दस्तुरः रु १५००।- (एक हजार पाँच सय मात्र)
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
परीक्षा हुने स्थानः अन्नपूर्ण गाउँपालिकाको कार्यालय
नोटः करार योग्यता सूची २०७९ मा सूचिकृत उम्मेद्वारले दरखास्त दिएको खण्डमा अन्य उम्मेदवारको दरखास्त उपर कुनै कारवाही हुने छैन। तर करार सूचीमा सूचीकृत उम्मेदवारहरुले विज्ञापन भएको ७ दिनभित्र सम्पर्क गरिससक्नुपर्नेछ।

**श्री उमा माध्यमिक विद्यालय**
**अन्नूर्ण गाउँपालिका-८, दाङसिङ, मोहोरिया, कास्की**
**सम्पर्क नं.**: प्र.अ. ९८४६४६८२१७,९८०६७३६०५०, ९८४१०२६००८
Email: grg.buddhi2027@gmail.com



## स्नोम्यान प्रा. लि.
## पनौती, नेपाल
## मूल्य सूची सम्बन्धमा सूचना

**यस उद्योगबाट उत्पादित निम्न ब्राण्डहरुको वाईन नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०८०/०८१ का लागि मिति २०८०/०९/०२ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य प्रकाशित गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा अन्तःशुल्क, मू.अ.कर र अन्य शुल्क समेत समावेश गरिएको छ।**

| ब्राण्ड | मि.लि. | नेशनल डिष्ट्रिब्यूटर्स | | रिजनल डिष्ट्रिब्यूटर्स | | डिष्ट्रिब्यूटर्स | | होलसेल | | रिटेल | | उपभोक्ता मुल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुल्य | कमिशन | मुल्य | कमिशन | मुल्य | कमिशन | मुल्य | कमिशन | मुल्य | कमिशन | प्रति कार्टून | प्रति बोटल |
| King's Hill (24*375)ML (Premium Sweet Red Wine/ white Wine) | ३७५ | ८,०००।०० | ४०० | ८,४००।०० | ४२०।०० | ८,८२०।०० | ५७५।०० | ९,३९५।०० | ४७०।०० | ९,८६५।०० | ९३५।०० | १०,८००।०० | ४५०।०० |
| AROMA (12*750)ML (Premium Sweet Red Wine/Premium Sweet White Wine) | ७५० | ८,८००।०० | ४४० | ९,२४०।०० | ४६०।०० | ९,७००।०० | ६२०।०० | १०,३२०।०० | ५२०।०० | १०,८४०।०० | १,०४०।०० | ११,८८०।०० | ९९०।०० |
| King's Hill (12*750)ML (Premium Sweet Red Wine/Premium Sweet white Wine) | ७५० | ७,७३५।०० | ३८५ | ८,१२०।०० | ४००।०० | ८,५२०।०० | ५५०।०० | ९,०७०।०० | ४७०।०० | ९,५४०।०० | ९६०।०० | १०,५००।०० | ८७५।०० |
| Chief Guest (12*750)ML ( Sweet Red Wine/ Sweet white Wine) | ७५० | ६,६७०।०० | ३३० | ७,०००।०० | ३५०।०० | ७,३५०।०० | ४५०।०० | ७,८००।०० | ३९०।०० | ८,१९०।०० | ८१०।०० | ९,०००।०० | ७५०।०० |
| King's Hill Box Wine (4*4) LTR (Premium Sweet Red Wine/Premium Sweet white Wine) | ४ लि. | ११,५२५।०० | ५७५ | १२,१००।०० | ६००।०० | १२,७००।०० | ८००।०० | १३,५००।०० | ७००।०० | १४,२००।०० | १,४००।०० | १५,६००।०० | ३,९००।०० |
| Chief Guest Box Wine (4*4) LTR (Premium Sweet Red Wine/ white Wine) | ४ लि. | १०,४८०।०० | ५२० | ११,०००।०० | ५५०।०० | ११,५५०।०० | ७५०।०० | १२,३००।०० | ६१५।०० | १२,९१५।०० | १,०८५।०० | १४,०००।०० | ३,५००।०० |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा ब्यपारीक एवं अन्य खर्चहरु समावेस गरिएकोले आवश्यकता अनुसार बिभिन्न तहमा ब्यपारीक एवं छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ।